# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बनेपा १४, साँगा, काभ्रेपलाञ्चोक

(प्रकाशित मिति : २०८१/०४/०४)

## (सूची दर्ता गराउने सम्बन्धी सूचना)

यस वित्तीय संस्थाको लागि आर्थिक वर्ष २०८१/८२ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित वस्तु तथा सेवाहरु आपुर्ति र प्रवाह गर्ने प्रयोजनका लागि सम्बन्धित विषयको कारोवार गर्न राष्ट्रिय तथा स्थानिय स्वीकृति प्राप्त प्राप्त इच्छुक फर्म, कम्पनी एवं संस्थाहरुले यस वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावली, २०७० अनुरुप वस्तु तथा सेवा प्रदायकहरुको सूची सूचिकृत गरिने भएको हुँदा सूची दर्ताका लागि फर्म/कम्पनी दर्ता नविकरण प्रमाणपत्र, मु.अ.कर(VAT) दर्ता/स्थायी लेखा नं. (PAN) तथा कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले गर्ने कार्यहरुको छुट्टाछुट्टै विवरण भरी यस कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सवैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


सामान्य सेवा विभाग
सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
फोन नं.- ०११६६२२५१/६६०४५२
website: slbsl.com.np
E-mail: gs@slbsl.com.np


## सूची दर्ता गर्नुपर्ने विषयहरु

**क) खरिद तथा आपूर्ति तर्फ**

१. मसलन्द तथा कार्यालय सामाग्री, स्टेशनरी ।
२. छपाई एवं आपुर्ति सम्बन्धी कार्यहरु ।
३. कम्प्युटर तथा एसोसेरिज, प्रिन्टर र टोनर कार्टेज तथा रिफिरिलङ, टेलिफोन सेट र टेलिफोन सिस्टम, सीसी क्यामरा तथा अन्य उपकरणहरु ।
४. सवारी साधन, तथा पार्टस ।
५. फर्निचर तथा फर्निसिङ्ग र कार्यालय सजावटका सामाग्रीहरु ।
६. अन्य विविध सामान आदि ।

**ख) सेवा तर्फ**

१. बिज्ञापन सेवा/कुरियर सेवा/प्रबर्द्धन कार्यहरु ।
२. सफ्टवेयर, हार्डवेयर, सर्भर सिस्टम, नेटवर्किङ्ग, खरिद र निर्माण तथा मर्मत सम्बन्धी सेवा ।
३. वीमा सम्बन्धी सेवा ।
४.अन्य विविध सेवा आदि ।

**ग) मर्मत संभार तर्फ**

१. ईलेक्ट्रीकल तथा इलेक्ट्रोनिक्स सामाग्री मर्मत ।
२. फर्निचर मर्मत ।
३. सवारी साधन मर्मत ।
४. निर्माण सम्बन्धी मर्मत ।

**ग) अन्य सेवा तर्फ**

१. पोशाक, रेनकोट, झोला, जुत्ता, खानेपानी आपूर्ति, आदि ।

**अन्य थप जानकारी**

१. आफ्नो फर्म, कम्पनी एवं संस्थाहरुले जुन कार्य गर्न वा सामान आपूर्ति वा सेवा दिने इजाजत प्राप्त गरेको हो, सोही समूहका लागि मात्र सूची दर्ता गराउनुपर्नेछ ।
२. सूचीकृत हुन प्राप्त निबेदनहरु मध्येबाट योग्य ठहरिएका विक्रेता फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ ।

३. सूचीकृत भएका विक्रेता, फर्म, कम्पनीहरुवाट यस वित्तीय संस्थाको आवश्यकता अनुसारको वस्तु खरिद तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन/दरभाउ घटाघट वा बोलकवोलबाट भाग लिन इमेल वा पत्र मार्फत जानकारी गराई भाग लिन अनुरोध गर्न सकिनेछ
४. सूचीकृत भएका विक्रेता, फर्म, कम्पनीहरुले शन्तोषजनक सेवा तथा समयमा वस्तु तथा सेवा आपूर्ति नगरेको खण्डमा सूचीबाट विनासुचना हटाउन सकिनेछ । यस उपर कुनै दावी, विरोध गर्न पाईनेछैन । सूचीकृत गर्ने/नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा नै निहित रहनेछ ।
५. थप जानकारीका लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयको सामान्य सेवा विभागमा सम्पर्क गर्न सक्नुहुनेछ ।